NRB License No.: "D"/81/075/076
Co.Reg.No.: 199842/075/076
PAN: 606580227

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.
# Rastra Utthan Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" वर्गको राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था)

www.rulbsl.com.np

Sanga, Banepa-13, Kabhrepalanchok
GPO Box: 21321, Kathmandu, Nepal
Phone: 977-11-660073
Fax: 977-11-660677
Email: info@rulbsl.com.np

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**भद्रकाली, काठमाण्डौ ।**

च.नं. ई/१५५/०७९/०८०
मिति : २०८०/१/२८

विषय : आ.ब.२०७८/०७९ को प्रस्तावित लाभांश रद्ध गरिएको सम्बन्धमा ।

महाशय,

मिति २०८०/१/१३ मा सम्पन्न यस वित्तीय संस्थाको संचालक समितिको ८६औं बैठकबाट आ.ब.२०७८/०७९ को लागि १५ प्रतिशत (कर सहित) लाभांश प्रस्ताव सहित श्री नेपाल राष्ट्र बैंकमा साधारण सभा प्रयोजनार्थ वित्तीय विवरण स्वीकृतिको लागि पठाउने निर्णय भएबमोजिम पठाई तहांसमेत जानकारी गराईएकोमा संस्थाको संचालक समितिको मिति २०८०/१/२८ को सांझ ६:०० बजे बसेको ८७औं बैठकबाट उक्त प्रस्तावित लाभांश रद्ध गरिएको व्यहोरा अनुरोध छ ।

मिति २०८०/१/१३ मा सम्पन्न यस समितिको ८६औं बैठकबाट आ.ब.२०७८/०७९ को वित्तीय विवरणको अनुसूची ४.२७: लेखा सम्बन्धी टिप्पणीको बुंदा नं. २१ मा र NFRS अनुसार तयार गरिएको वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणीको बुंदा नं. ५.१२ मा १५ प्रतिशत (बोनश शेयर १४.२५ प्रतिशत र नगद लाभांश ०.७५) लाभांश (कर सहित) प्रस्ताब गरिएको तर वित्तीय विवरणको नाफा नोक्सान बांडफांड हिसाबमा उल्लेख नगरी श्री नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतार्थ पेश हुनगएकोमा श्री नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतार्थ पेश भएकोमा श्री नेपाल राष्ट्र बैंकको प.सं. ल.वि.स.सु.वि./ गैर-स्थलगत/राष्ट्र उत्थान /०७९/०८० /३४८ मिति २०८०/१/२० को पत्र मार्फत आर्थिक बर्ष २०७८/०७९ को बार्षिक वित्तीय विवरणहरु साधारण सभा प्रयोजनार्थ प्रकाशन गर्ने स्वीकृति प्राप्त भएको तर लाभांशको बारेमा उल्लेख नभएकोले सोही मिति २०८०/१/२० मा व्यवस्थापनबाट श्री नेपाल राष्ट्र बैंकमा प्रस्तावित लाभांश स्वीकृतिको लागि पत्र मार्फत पुन: अनुरोध गरिएकोमा हालसम्म सो उपर कारवाही नभएकोले उक्त आ.ब.२०७८/०७९ को लागि संचालक समितिको मिति २०८०/१/१३ मा सम्पन्न ८६औं बैठकबाट प्रस्तावित लाभांश रद्ध गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

संचालक समितिको ८७औं बैठकको निर्णय उतार यसै पत्रसाथ संलग्न गरिएको छ ।

उपरोक्त प्रक्रियागत कारणले आ.ब.२०७८/०७९ को लागि प्रस्तावित लाभांश रद्ध गरिएको सूचना तत्कालै तहांलाई उपलब्ध गराउन नसकिएकोमा त्यसप्रति तहां लगायत संपूर्ण सम्मानित नियामक निकायहरु एवं लगानीकर्ता/शेयरधनी महानुभावहरु समक्ष आगामी दिनहरुमा यस्तो नहुने प्रतिवद्धतासाथ यस वित्तीय संस्था क्षमायाचना गर्दछ ।

भवदीय,

(जगन्नाथ कुईंकेल)
कंपनी सचिव तथा सहायक कार्यकारी निर्देशक

बोधार्थ,
श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, काठमाण्डौ ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाण्डौ ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलिसडक, काठमाण्डौ ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
श्री एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौ ।

NRB License No.: "D"/81/075/076
Co.Reg.No.: 199842/075/076
PAN: 606580227

# राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि.
# Rastra Utthan Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त "घ" वर्गको राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था)

www.rulbsl.com.np

Sanga, Banepa-13, Kabhrepalanchok
GPO Box: 21321, Kathmandu, Nepal
Phone: 977-11-660073
Fax: 977-11-660677
Email: info@rulbsl.com.np

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
भद्रकाली, काठमाण्डौ ।

यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड संचालक समितिको सतासिऔं (८७औं) बैठक आज मिति २०८०/०१/२८ का दिन अध्यक्ष श्री चिरन्जीवी वुढा क्षेत्री (बि.सी.) को अध्यक्षतामा केन्द्रीय कार्यालय सभाकक्ष सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोकमा सांझ ६:०० बजे सम्पन्न भई प्रस्तावित लाभांश रद्ध गर्ने सम्बन्धी निर्णयको व्यहोरा यस प्रकार रहेको अनुरोध छ ।

" १) मिति २०८०/१/१३ मा सम्पन्न यस समितिको ८६औं बैठकबाट पारित भएको आ.ब.२०७८/०७९ को वित्तीय विवरणको अनुसूची ४.२७: लेखा सम्बन्धी टिप्पणीको बुंदा नं. २१ मा र NFRS अनुसार तयार गरिएको वित्तीय विवरणको लेखा सम्बन्धी टिप्पणीको बुंदा नं. ५.१२ मा १५ प्रतिशत (बोनश शेयर १४.२५ प्रतिशत र नगद लाभांश ०.७५ प्रतिशत) लाभांश (कर सहित) प्रस्ताब गरिएको तर वित्तीय विवरणको नाफा नोक्सान बांडफांड हिसाबमा उल्लेख नगरी श्री नेपाल राष्ट्र बैंक समक्ष स्वीकृतार्थ पेश हुनगएकोमा श्री नेपाल राष्ट्र बैंकको प.सं. ल.वि.स.सु.वि./गैर-स्थलगत/राष्ट्र उत्थान/०७९/०८० /३४८ मिति २०८०/१/२० को पत्र मार्फत आर्थिक बर्ष २०७८/०७९ को बार्षिक वित्तीय विवरणहरु साधारण सभा प्रयोजनार्थ प्रकाशन गर्ने स्वीकृति प्राप्त भएको तर लाभांशको बारेमा नखुलेको व्यहोरा अवगत भयो ।

२) श्री नेपाल राष्ट्र बैंकको प.सं. ल.वि.स.सु.वि./गैर-स्थलगत/राष्ट्र उत्थान/०७९/०८० /३४८ मिति २०८०/१/२० को पत्रमा लाभांशको बारेमा नखुलि प्राप्त भएकोले सोही मिति २०८०/१/२० मा व्यवस्थापनबाट श्री नेपाल राष्ट्र बैंकमा प्रस्तावित लाभांश स्वीकृतिको लागि पत्र मार्फत पुनः अनुरोध गरिएकोमा हालसम्म सो उपर कारवाही नभएकोले उक्त आ.ब.२०७८/०७९ को लागि यस समितिको मिति २०८०/१/१३ मा सम्पन्न ८६औं बैठकबाट प्रस्तावित लाभांश रद्ध गर्ने निर्णय गरियो । साथै आ.ब.२०७८/०७९ को लागि प्रस्तावित १५ प्रतिशत (बोनश शेयर १४.२५ प्रतिशत र नगद लाभांश ०.७५ प्रतिशत) (कर सहित) लाभांश रद्ध भएको व्यहोराको पत्र नेपाल स्टक एक्सचेञ्ज लि. लगायतका निकायहरुलाई यस सम्बन्धमा गरिएको निर्णय सहितको जानकारी गराउने । "

(जगन्नाथ कुईंकेल)
कम्पनी सचिव